नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)**
सिंहदरबार,
काठमाण्डौ, नेपाल।

पत्रसंख्याः०७७/७८(सा.स.सा.सु)च.नं. ५८

मितिः२०७७।०८।०८

विषयः लैंगिक हिंसा विरुध्दको १६ दिने अभियान मनाउने सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै)
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु (सबै)

प्रस्तुत विषयमा श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सबै स्थानीय तहहरु लगायत यस मन्त्रालय र अन्तर्गत निकायहरुमा लैंगिक हिंसा विरुध्दको १६ दिने अभियान मनाई सफल पार्ने विषयमा यस मन्त्रालयलाई अनुरोध गरिएका मिति २०७७।७।२४ र मिति २०७७।७।२७ का पत्रहरु यसै साथ संलग्न गरिएको छ । यस सम्बन्धी विस्तृत व्यहोरा उक्त पत्रहरुबाटै अवगत गर्नु भई आ-आफ्नो निकायमा महिला हिंसा विरुध्दको २०७७ मार्ग १० गतेदेखि शुरु हुने १६ दिने अभियान विभिन्न कार्यक्रमहरुका साथ मनाई सफल पार्न हुन निर्णयानुसार अनुरोध छ ।

ताराप्रसाद जोशी
शाखा अधिकृत

**बोधार्थः**
श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखा, सं.मा.तथा सा.प्र. मन्त्रालयः पत्र वेबसाईटमा अपलोड गरिदिन हुन अनुरोध।

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## लैंगिक हिंसा निवारण शाखा

सिंहदरबार, काठमाण्डौं
फोन नं. :४२००५०२
फ्याक्स : ४२००११६

पत्र संख्या :- ०७७/७८
च.नं. :- लै.हि.नि./ ६६

मिति:२०७७/०७/२७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

दर्ता नं.:- ३९५५
मिति - २०७७/८/२८

विषय :- **लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउन आह्वान गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विभिन्न कार्यक्रम गरी लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान विश्वभर मनाउने गरिएको विषय विदितै छ । नेपालमा पनि विगत वर्षदेखि नै उक्त अवधिमा विभिन्न सचेतनामूलक, अभियानमूलक कार्यक्रमहरु सञ्चालन गरी लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान दिवस मनाउने गरिएको छ ।

यस सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०७/२९ गतेको निर्णयानुसार नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सामाजिक सचेतना सहित लैंगिक हिंसा विरुद्धको अभियान सञ्चालन गर्न संघ, प्रदेश तथा स्थानीय तह लगायत सरोकारवाला निकायहरु, विद्यालय, संघ, संस्थालाई आव्हान गर्ने, प्रत्येक वर्ष नोभेम्बर २५ लाई महिला हिंसा विरुद्धको अभियान दिवसको रुपमा मनाउने र आर्थिक वर्ष २०७६/०७७ लाई लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षको रुपमा मनाउने निर्णय भएको र लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष कार्यान्वयन कार्ययोजना तयार भै कार्यान्वयन भएकोमा कार्ययोजनाको समयावधि चालु आर्थिक वर्ष २०७७/०७८ सम्म थप भएको व्यहोरा अनुरोध छ ।

यस वर्ष नाभेम्बर २५ देखि डिसेम्वर १० (तदानुसार २०७७ मंसीर १० देखि मंसीर २५ गते) सम्म मनाईने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अन्तर्राष्ट्रिय नारा **"Orange the world : Fund, Respond, Prevent, Collect!"** रहेको छ । **"लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धता : व्यक्ति, समाज र सबैको ऐक्यवद्धता"** भन्ने राष्ट्रिय नाराका साथ अभियान सञ्चालन हुन तहाँ मन्त्रालयलाई आफ्नो तर्फबाट साझा प्रतिवद्धता सहित ऐक्यवद्धता जनाउन आव्हान गर्ने नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७७/०७/२४ को निर्णयानुसार स्वास्थ्य सतर्कता अपनाउँदै उक्त नारामा आधारित रहेर आफू र आफ्ना मातहतका निकायमा यो अभियानलाई रचनात्मक र सन्देशमूलक क्रियाकलापहरु गरी यस अभियानलाई सफल पार्न सादर अनुरोध गर्दछु ।

**बोधार्थ तथा कार्यार्थ:**
श्री लैंगिक सम्पर्क व्यक्ति (आवश्यक सहयोग र समन्वयका लागि)

**(रोशनी देवी कार्की)**
**उपसचिव**

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
## लैंगिक हिंसा निवारण शाखा

सिंहदरबार, काठमाण्डौं
फोन नं. :४२००५०२
फ्याक्स : ४२००११६

पत्र संख्या :- ०७७/७८
च.नं. :- लै.हि.नि./ ६९

मिति:२०७७/०७/२७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय :- **लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउन आह्वान गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विभिन्न कार्यक्रम गरी लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान विश्वभर मनाउने गरिएको विषय विदितै छ । नेपालमा पनि विगत वर्षदेखि नै उक्त अवधिमा विभिन्न सचेतनामूलक, अभियानमूलक कार्यक्रमहरु सञ्चालन गरी लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान दिवस मनाउने गरिएको छ ।

यस सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०७/२९ गतेको निर्णयानुसार नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सामाजिक सचेतना सहित लैंगिक हिंसा विरुद्धको अभियान सञ्चालन गर्न संघ, प्रदेश तथा स्थानीय तह लगायत सरोकारवाला निकायहरु, विद्यालय, संघ, संस्थालाई आव्हान गर्ने, प्रत्येक वर्ष नोभेम्बर २५ लाई महिला हिंसा विरुद्धको अभियान दिवसको रुपमा मनाउने र आर्थिक वर्ष २०७६/०७७ लाई लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षको रुपमा मनाउने निर्णय भएको र लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष कार्यान्वयन कार्ययोजना तयार भै कार्यान्वयन भएकोमा कार्ययोजनाको समयावधि चालु आर्थिक वर्ष २०७७/०७८ सम्म थप भएको व्यहोरा अनुरोध छ ।

यस वर्ष नाभेम्बर २५ देखि डिसेम्वर १० (तदानुसार २०७७ मंसीर १० देखि मंसीर २५ गते) सम्म मनाईने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अन्तर्राष्ट्रिय नारा **"Orange the world : Fund, Respond, Prevent, Collect!"** रहेको छ । **"लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धता : व्यक्ति, समाज र सबैको ऐक्यवद्धता"** भन्ने राष्ट्रिय नाराका साथ अभियान सञ्चालन हुन तहाँ मन्त्रालयलाई आफ्नो तर्फबाट साझा प्रतिवद्धता सहित ऐक्यवद्धता जनाउन आव्हान गर्ने नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७७/०७/२४ को निर्णयानुसार स्वास्थ्य सतर्कता अपनाउँदै उक्त नारामा आधारित रहेर आफू र आफ्ना मातहतका निकायमा यो अभियानलाई रचनात्मक र सन्देशमूलक क्रियाकलापहरु गरी यस अभियानलाई सफल पार्न सादर अनुरोध गर्दछु ।

**बोधार्थ तथा कार्यार्थः**
श्री लैंगिक सम्पर्क व्यक्ति (आवश्यक सहयोग र समन्वयका लागि)

०७७/०७/२७

(रोशनी देवी कार्की)
उपसचिव

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc.gov.np
media@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या : ०७७/०७८
चलानी नं.: ६२

दर्ता नं.:- ३०९१
मिति - २०७७/७/२५

मिति:२०७७/०७/२४

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय :- **लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउन आह्वान गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० तारिकसम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विभिन्न कार्यक्रम गरी लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान विश्वभर मनाउने गरिएको विषय विदितै छ । नेपालमा पनि विगत वर्षदेखि नै उक्त अवधिमा विभिन्न सचेतनामूलक, अभियानमूलक कार्यक्रमहरु सञ्चालन गरी लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान दिवस मनाउने गरिएको छ ।

यस सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०७/२९ गतेको निर्णयानुसार नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सामाजिक सचेतना सहित लैंगिक हिंसा विरुद्धको अभियान सञ्चालन गर्न संघ, प्रदेश तथा स्थानीय तह लगायत सरोकारवाला निकायहरु, विद्यालय, संघ, संस्थालाई आव्हान गर्ने, प्रत्येक वर्ष नोभेम्बर २५ तारिकलाई महिला हिंसा विरुद्धको अभियान दिवसको रुपमा मनाउने र आर्थिक वर्ष २०७६/०७७ लाई लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षको रुपमा मनाउने निर्णय भएको र लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष कार्यान्वयन कार्ययोजना तयार भै कार्यान्वयन भएकोमा कार्ययोजनाको समयावधि चालु आर्थिक वर्ष २०७७/०७८ सम्म थप भएको व्यहोरा अनुरोध छ ।

यस वर्ष नाभेम्बर २५ देखि डिसेम्वर १० तारिक (तदनुसार २०७७ मंसीर १० देखि मंसीर २५ गते) सम्म मनाईने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अन्तर्राष्ट्रिय नारा **"Orange the world : Fund, Respond, Prevent, Collect!"** आधारमा बनाईएको **"लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धता : व्यक्ति समाज र सबैको ऐक्यवद्धता"** भन्ने राष्ट्रिय नाराका साथ अभियान मनाउन सबै स्थानीय तह तथा विभिन्न सरोकारवाला संघ संस्थालाई आ-आफ्नो तर्फबाट साझा प्रतिवद्धता तथा ऐक्यवद्धता जनाउन आव्हान गर्ने नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७७/०७/२४ मा निर्णय भएकोले सचेतनामूलक तथा अभियानमूलक विभिन्न कार्यक्रमहरु सञ्चालन गरी अभियान सफल बनाउने सम्बन्धमा आवश्यक सहयोग समन्वय गरिदिनुहुन सादर अनुरोध छ ।

(रोशनी कुमारी श्रेष्ठ)

**बोधार्थ तथा कार्यार्थः**
श्री लैङ्गिक सम्पर्क व्यक्ति (आवश्यक सहयोग र समन्वयका लागि)

**(रोशनी देवी कार्की)**
**उपसचिव**